नेपाल सरकार

# कृषि विकास मन्त्रालय

सिंहदरबार

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५, ४२११९५०

फ्याक्स: ४२११९३५

सिंहदरबार, काठमाडौं

नेपाल ।

पत्र संख्या: क.प्र.(संघ/संस्था)०७१/७२

च.नं.: ११५

मिति :२०७१/१२/११

विषय : विनियम संशोधन स्वीकृति सम्वन्धमा ।

श्री नेपाल कृषि अनुसन्धान परिषद,
सिंहदरवार प्लाजा, काठमाडौं ।

उपरोक्त सम्वन्धमा तहाँको च.नं. २८६० मिति २०७१/१२/०३ को पत्रबाट नेपाल कृषि अनुसन्धान परिषद (कर्मचारी प्रशासन) विनियम, २०४९ को छैठौं संशोधन २०७१ नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७१/१२/११ को निर्णयानुसार स्वीकृत भएको संशोधनको छायाँप्रति यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

(तारानाथ लुईंटेल)
शाखा अधिकृत

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

# नेपाल कृषि अनुसन्धान परिषद (कर्मचारी प्रशासन) (छैठौं संशोधन) विनियम, २०७१

**प्रस्तावना:** नेपाल कृषि अनुसन्धान परिषद (कर्मचारी प्रशासन) विनियम, २०४९ संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल कृषि अनुसन्धान परिषदले नेपाल सरकारको स्वीकृत लिई देहायको विनियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस विनियमावलीको नाम "नेपाल कृषि अनुसन्धान परिषद (कर्मचारी प्रशासन) (छैठौं संशोधन) विनियम, २०७१" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नेपाल कृषि अनुसन्धान परिषद (कर्मचारी प्रशासन) विनियम, २०४९ को विनियम १५ मा संशोधन:** नेपाल कृषि अनुसन्धान परिषद (कर्मचारी प्रशासन) विनियम, २०४९ को विनियम १५ को उपविनियम (१) को सट्टा देहायको उपविनियम (१) राखिएको छ :-

"(१) परिषद्मा हरेक आर्थिक वर्ष प्रारम्भ भएको मितिले ६ (छ) महिना भित्र परिषद्को कर्मचारी प्रशासन महाशाखाले रिक्त पदहरूको माग आकृति फाराम भरी पदपूर्ति समितिमा पठाउनु पर्नेछ । यसरी माग आकृति फाराम भरी पठाउँदा रिक्त भएका पदहरु मध्ये खुल्ला प्रतियोगिता र आन्तरिक मुल्यांकन । फाइल बढुवा, वा आन्तरिक प्रतियोगितात्मक बढुवा पद्धतिद्वारा बढुवा हुने प्रतिशतको आधारमा पदसंख्या निर्धारण गरी पदपूर्तिको लागि देहाय बमोजिम पठाइनेछ ।"

| पद विवरण (तह सहित) | खुल्ला प्रतियोगिताद्वारा (%) | बढुवा | | |
|---|---|---|---|---|
| | | मर्टिकल बढुवा पद्धतिद्वारा (%) | आन्तरिक मुल्याङ्कन बढुवाद्वारा (%) | आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा (%) |
| (क) वैज्ञानिक समूह अन्तर्गत | | | | |
| १. वैज्ञानिक (S-1) | १०० | - | - | - |
| २. वैज्ञानिक (S-2) | - | १०० | - | - |
| ३. वरिष्ठ वैज्ञानिक (S-3) | २५ | - | ५० | २५ |
| ४. वरिष्ठ वैज्ञानिक (S-4) | - | १०० | - | - |
| ५. मुख्य वैज्ञानिक (S-5) | - | - | ७५ | २५ |
| ६. मुख्य वैज्ञानिक (S-6) | - | १०० | - | - |
| ७. प्रमुख वैज्ञानिक (S-7) | - | १०० | - | - |
| ८. प्रमुख वैज्ञानिक (S-8) | - | १०० | - | - |

| पद विवरण (तह सहित) | खुल्ला प्रतियोगिताद्वारा (%) | बढुवा | | |
|---|---|---|---|---|
| | | मर्टिकल बढुवा पद्धतिद्वारा (%) | आन्तरिक मुल्याङ्कन बढुवाद्वारा (%) | आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा (%) |

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

कृषि विकास मन्त्री

| (ख) प्राविधिक समूह अन्तर्गत | | | | |
|---|---|---|---|---|
| १. प्राविधिक सहायक (तह विहिन) | १०० | - | - | - |
| २. प्राविधिक सहायक (जे.टि.ए.) सम्बन्ध (T-4) | १०० | - | - | - |
| ३. प्राविधिक, सम्बन्ध (T-5) | ५० | - | ५० | - |
| ४. ओभरसियर, कम्प्युटर सहायक, इलेक्ट्रिसियन (T-5) | १०० | - | - | - |
| ५. प्राविधिक अधिकृत, कम्प्युटर अधिकृत, ईन्जिनियर आदि (T-6) | ५० | - | २५ | २५ |
| ६. वरिष्ठ प्राविधिक अधिकृत, वरिष्ठ कम्प्युटर अधिकृत, वरिष्ठ ईन्जिनियर आदि (T-7) | - | - | ५० | ५० |
| ७. वरिष्ठ प्राविधिक अधिकृत, वरिष्ठ कम्प्युटर अधिकृत, वरिष्ठ ईन्जिनियर आदि (T-8) | - | १०० | - | - |

| पद विवरण (तह सहित) | खुल्ला प्रतियोगिताद्वारा (%) | बढुवा | | |
|---|---|---|---|---|
| | | कार्यक्षमता बढुवा पद्धतिद्वारा (%) | आन्तरिक मुल्याङ्कन बढुवाद्वारा (%) | आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा (%) |
| (ग) प्रशासन तथा लेखा समूह अन्तर्गत | | | | |
| १. प्रशासन सहायक,सह लेखापाल टाईपिष्ट (A-4) | १०० | – | – | – |
| २. प्रशासन सहायक, लेखापाल, टाईपिष्ट (A-5) | ५० | – | २५ | २५ |
| ३. कानुन सहायक (A-5) | १०० | – | – | – |
| ४. प्रशासकीय अधिकृत/लेखा अधिकृत (A-6) | ५० | – | २५ | २५ |
| ५. वरिष्ठ प्रशासकीय अधिकृत/ वरिष्ठ लेखा अधिकृत (A-7) | ५० | – | २५ | २५ |
| ६. वरिष्ठ प्रशासकीय अधिकृत वरिष्ठ लेखा अधिकृत (A-8) | – | १०० | – | – |
| ७. मुख्य प्रशासक/मुख्य लेखा अधिकृत (A-9) | – | – | ७५ | २५ |

३. <u>नेपाल कृषि अनुसन्धान परिषद (कर्मचारी प्रशासन) विनियम, २०४९ को विनियम १७ मा संशोधन:</u> नेपाल कृषि अनुसन्धान परिषद (कर्मचारी प्रशासन) विनियम, २०४९ को विनियम १७ को उपविनियम (१) को सट्टा देहायको उपविनियम (१) राखिएको छ :-

कृषि विकास मन्त्री

"(१) वैज्ञानिक समूह: यस समूह अन्तर्गत पर्ने उपसमूहहरु देहाय बमोजिम हुने छन् ।

(क) एग्रोनोमी (ख) प्लाण्ट ब्रीडिङ एण्ड जेनेटिक्स (ग) प्लाण्ट प्याथोलोजी (घ) इण्टोमोलोजी (ङ) स्वाइल साइन्स (च) एग्री इन्जिनियरिङ (छ) फूड टेक्नोलोजी (ज) पोमोलोजी (झ) ओलरीकल्चर (ञ) फ्लोरीकल्चर (ट) एग्री एक्स्टेन्सन, एग्री इकोनिमिक्स एण्ड मार्केटिङ (ठ) बायो टेक्नोलोजी (ड) एग्रिकल्चर नेचूरल रिसोर्स म्यानेजमेन्ट (ढ) एग्रि इनभारन्मेन्ट (ण) जि.आई.एस (जोग्राफिकल इनफरमेशन सिस्टम) (त) फार्मिङ सिस्टम (थ) एग्रो मेटिरियोलोजी (द) एग्रो इनफरमेशन /कम्युनिकेशन सिस्टम (ध) मोलेकूलर बायोलोजी, (न) एग्रीकल्चरल प्लानिङ एण्ड मेनेजमेन्ट (प) एनिमल ब्रिडिङ एण्ड जेनेटिक्स (फ) एनिमल न्यूट्रिशन एण्ड फिडिङ (ब) लाईभस्टक प्रडक्ट, प्रडक्सन एण्ड मेनेजमेण्ट (भ) एनिमल हेल्थ (भेटेरिनरी) (म) फिसरिज (य) पाश्चर, फोरेज एण्ड एग्रोफोरेष्ट्री (र) बायो स्टयाटिस्टिक्स /बायो मेट्रिसियन ।"

४. <u>नेपाल कृषि अनुसन्धान परिषद (कर्मचारी प्रशासन) विनियम, २०४९ को विनियम १८ मा संशोधन:</u> नेपाल कृषि अनुसन्धान परिषद (कर्मचारी प्रशासन) विनियम, २०४९ को विनियम १८ को उपविनियम (१) को खण्ड (ख) मा रहेको "सहसचिव" भन्ने शब्दहरुको सट्टा "सहसचिव (प्रशासन)" भन्ने शब्दहरु राखी संशोधन गरिएको र खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखी संशोधन गरिएको छ :-

"(घ) लोक सेवा आयोगको प्रतिनिधि - सदस्य"

५. <u>नेपाल कृषि अनुसन्धान परिषद (कर्मचारी प्रशासन) विनियम, २०४९ को विनियम १९ज मा संशोधन:</u> नेपाल कृषि अनुसन्धान परिषद (कर्मचारी प्रशासन) विनियम, २०४९ को विनियम १९ज मा रहेको "दुई अंकको दरले र त्यो भन्दा एक पदतह मुनी काम गरे बापत एक अंकका दरले र सो भन्दा तल्लो एक पदतहमा काम गरे बापत आधा १।२" भन्ने शब्दावलीको सट्टा "२.५ (दुई दशमलव पाँच)" भन्ने शब्दहरु राखी संशोधन गरिएको छ ।

६. <u>नेपाल कृषि अनुसन्धान परिषद (कर्मचारी प्रशासन) विनियम, २०४९ को विनियम ३३ मा संशोधन:</u> नेपाल कृषि अनुसन्धान परिषद (कर्मचारी प्रशासन) विनियम, २०४९ को विनियम ३३ को उपविनियम (८) पछि देहायको उपविनियम ९ थप गरिएको छ :-

"(९) पन्ध्र वर्ष सेवा अवधि पुरा गरेको परिषदको कुनै कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा बढीमा पाँच वर्षसम्मको अवधि थप गरी निजको परिवारलाई निवृत्तिभरण वा उपदान जुन लिन चाहन्छन् सो रोजेर लिन दिइनेछ ।"

७. <u>नेपाल कृषि अनुसन्धान परिषद (कर्मचारी प्रशासन) विनियम, २०४९ को अनुसूचीमा संशोधन:</u> नेपाल कृषि अनुसन्धान परिषद (कर्मचारी प्रशासन) विनियम, २०४९ को

(क) अनुसूची १ (क) खारेज गरिएको छ ।

(ख) अनुसूची २ (विनियम ८ को उपविनियम १(ग) संग सम्बन्धित) को खण्ड ३ पछि देहायको खण्ड ४ थप गरिएको छ :-

"४. परिषदको कुनै पनि समूहको पद तहमा नियुक्तिको लागि महिलाको हकमा अधिकतम उमेरको हदमा पाँच वर्ष थप गरिएको छ ।"

(ग) अनुसूची ३ को खण्ड (२) को सट्टा देहायको खण्ड (२) राखी संशोधन गरिएको छ :-

"२. प्राविधिक समूह:

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

| पद | तह | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|
| प्राविधिक सहयोगी | तह विहिन | साधारण लेखपढ भएको | कृषि मजदुरको रुपमा कार्य गरेको । |
| प्राविधिक सहायक, प्लम्बर, इलेक्ट्रीसियन आदि | टि ४ | एस.एल.सी. उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम वा डिप्लोमा प्राप्त । | सम्बन्धित विषयमा अनुभव हासील गरेको । |
| जे.टि., हेड प्लम्बर, इलेक्ट्रीसियन, ओभरसियर, कम्प्युटर सहायक, पुस्तकालय सहायक, प्रमुख ल्याबोरेटोरी सहायक र ध्वनिदृश्य सहायक आदि | टि ५ | सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । | तालिम प्राप्त वा सम्बन्धित विषयमा अनुभव हासिल गरेको । |
| प्राविधिक अधिकृत, कम्प्युटर अधिकृत, इन्जिनियर | टि ६ | सम्बन्धित विषयमा स्नातक उपाधि प्राप्त । | कृषि अनुसन्धानमा अनुभव भएको । |
| वरिष्ठ प्राविधिक अधिकृत, वरिष्ठ कम्प्युटर अधिकृत, वरिष्ठ इन्जिनियर | टि ७ | सम्बन्धित विषयमा स्नातक उपाधि र सम्बन्धित विषयको अनुसन्धान कार्यको अधिकृतस्तरमा ५ वर्ष काम गरेको | |

द्रष्टव्य:१. टि - ६ प्राविधिक अधिकृत पदको लागि आवश्यक भएमा सम्बन्धित विषय लिई PURE SCIENCE (SOIL CHEMISTRY, SOIL PHYSICS, BIOLOGY, BIOMETRICTS, BIOCHEMSITRY) मा M.Sc. गरेकोलाई पनि न्यूनतम शैक्षिक योग्यता पुगेको मानिनेछ ।

द्रष्टव्य:२. सम्बन्धित विषय भन्नाले जुन उप समूहको लागि आवेदन दिन लागेको सोही विषयमा शैक्षिक उपाधि प्राप्त गरेको हुनुपर्ने । उदाहरणको लागि इन्टोमोलोजि विषयमा आवेदन दिई Elective Subject इन्टोमोलोजि लिई अध्ययन गरेको हुनुपर्ने । तर कृषि विषय अध्ययन गरेको र उपाधिमा विषय वा उप समूह नखुलेको अवस्थामा शोधपत्र गरेको विषयलाई नै सम्बन्धीत विषय मानिनेछ ।

द्रष्टव्य:३. कार्य अनुभव भन्नाले नेपाल सरकारको सेवामा, नेपाल सरकारको स्वामित्व भएको संस्थामा वा CGIAR (Consultative Groups of International Agricultural Research System) अन्तरगतका संस्था, विदेशी सरकारी विश्व विद्यालय र विदेशी सरकारी अनुसन्धान संस्थाहरुमा काम गरेकोलाई जनाउँछ ।"